# पर्वत जिल्ला अदालत
## कुश्मा, पर्वत

पत्र संख्या :- २०७६/०७७ फोन नं. ०६७-४२०१९५

चलानी नं. :- मिति :- २०७६।१२।०९

## सुचना ! सुचना !! सुचना !!!

विश्व भर फैलिई रहेको माहामारी नोवेल कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न आवश्यक पूर्व तयारी स्वरुप सावधानी अपनाउनु भन्ने समेत व्यहोराको मिति २०७६।१२।०७ को सम्मानीत सर्वोच्च अदालतको पुर्ण बैठकको निर्णय एवं सम्मानीत अदालतको मिति २०७६।१२।०७ को च.नं. १७४७ को परिपत्र अनुसार यस अदालतबाट हुने सेवा प्रवाहमा देहाय बमोजिम हुने गरी यस अदालतको बैठकको निर्णय अनुसार सम्पूर्ण सरोकारवालाको जानकारीको लागी सूचना प्रकाशित गरिएको छ ।

१. वैयक्तिक स्वतन्त्रता सँग विषय र अत्यावश्यकीय अन्य सेवाहरु जस्तै :- बन्दी प्रत्यक्षीकरण, अभियोगपत्र दर्ता, बयान र थुनछेक, पक्राउ पुर्जी अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन, म्याद थप तथा महामारीसँग सम्बन्धित गम्भीर प्रकृतिका निवेदनहरु एवं रकम तिरी कैदबाट छाड्न दिइने निवेदन बालबालिका जिम्मा दिने सम्बन्धी निवेदन (सम्बन्धित अदालतको क्षेत्राधिकार अनुसार गर्ने गरी) नियमित रुपमा सुनुवाई र तत्सम्बन्धी अन्य कार्य सम्पादनको व्यवस्था गर्ने कार्यका लागी अदालत खुल्ला रहने र सो बाहेकका अन्य कार्यका लागी अदालत बन्द रहने ।

२. मिति २०७६।१२।०९ गते देखी ऐ. २१ गते सम्म यस अदालतबाट तोकिएका सम्पूर्ण पेशी, मुद्दामा तारेख, साक्षीको बकपत्र लगायतका मुद्दाका रोहमा हुने सम्पूर्ण कामकारवाही बन्द रहने । सो अवधीमा रहेका पेशी मुद्दाका तारेख साक्षीको बकपत्र लगायत सम्पूर्ण कार्यका लागी मिति २०७६।१२।२१ गते पछी बाटोको म्याद बाहेक १० दिन भित्र उपस्थित हुन आएमा तारेख नजुग्रेको सरह मानी सेवा प्रवाह गरिने ।

३. सम्मानीत अदालतको पूर्ण बैठक र परिपत्र अनुसारका अन्य कार्यहरु गर्नको लागी व्यवस्था गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।